आज मिति २०७७ साल मंसिर २१ गते आईतवारको दिन विहान ८:०० बजे नलगाड नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावलज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक बसी तपसिल बमोजिमको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क्र.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ४. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ५. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ६. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ७. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ८. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| ९. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| १०. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | | |
| ११. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १२. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | | |
| १३. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | | |
| १४. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १५. | श्री नरेन्द्र शाही | वडा नं. १३ अध्यक्ष | | |
| १६. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | | |
| १७. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| १८. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| १९. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | — | |
| २०. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | | |
| २१. | श्री तिले बादी | नगर का.पा. सदस्य | | |
| २२. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २३. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |
| २४. | श्री सुरेन्द्र सिंह | नि.प्र.प्र.अधिकृत | | |

मिति : २०७७०८।२१ को नगर कार्यपालिका वैठकका प्रस्तावहरु

१. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना छनौट सम्वन्धमा ।

२. भवन निर्माणको बाँकी रकम भुक्तानी सम्वन्धमा ।

३. एम्वुलेन्स सेवा सञ्चालन निर्देशिका स्वीकृत गर्ने सम्वन्धमा ।

४. एम्वुलेन्सको रकम भुक्तानी गर्ने सम्वन्धमा ।

५. आर्थिक सहायता सम्वन्धमा ।

६. भुक्तानी बाँकी रकम सम्वन्धमा ।

७. कार्यालय सहयोगीहरुको विज्ञापन गर्ने सम्वन्धमा ।

८. एम्वुलेन्स चालक नियुक्ति गर्ने सम्वन्धमा ।

९. लिफ्ट सिचाई निर्माण सम्वन्धमा ।

१०. योजनाको नाम संसोधन सम्वन्धमा ।

११. प्राथमिक अस्पतालको जग्गा प्राप्तिको लागि अनुरोध सम्वन्धमा ।

नगर कार्यपालिकाको निर्णयहरु (मिति २०७७०८।२१)

निर्णय नं. १ : नलगाड नगरपालिकामा आर्थिक वर्ष २०७७७८ मा कार्यान्वयनको लागि संघीय सरकारबाट प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत विनियोजित बजेटबाट तपसिलका योजनाहरु छनौट गरी बजेट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.सं | आयोजना/कार्यक्रमको नाम | निर्माण स्थल | अनुमानित लागत रु. | कैफियत |
|---|---|---|---|---|
| १ | गात्तिन देखि चिमिरेसम्म तडवन्धन निर्माण योजना | वडा नं. ४ | १५००००० | |
| २ | तल्लुवगर खानेपानी निर्माण योजना | वडा नं. १२ | ६००००० | |
| ३ | पारीवगर सिचाई कुलो निर्माण योजना | वडा नं. ५ | ५२०००० | |
| ४ | कैलासी देउता मन्दिर निर्माण | वडा नं. ५ | २००००० | |
| ५ | कालिका प्रा.वि. फिल्ड निर्माण | वडा नं. २ | ३००००० | |
| ६ | शिवजीको मन्दिर निर्माण गरी | वडा नं. २ | २००००० | |
| ७ | [illegible] मुहान भई आग्राचौर खानेपानी निर्माण | वडा नं. ३ | ५००००० | |

| | | | | |
|---|---|---|---|---|
| ८. | तपोभुमि मा.वि. फिल्ड निर्माण योजना | वडा नं. १० | ५१०००० | |
| ९. | सिर्जना प्रा.वि. दारिमपाटा घेरावार निर्माण योजना | वडा नं. ९ | २००००० | |
| १०. | त्रिभुवन मा.वि. फिल्ड निर्माण योजना | वडा नं. ९ | ३००००० | |
| ११. | मन्मै देखि जिकुवा हुदै पायाखेत सम्म सडक मर्मत | वडा नं. ८ | ६००००० | |
| १२. | आक्चेकाफल देखि सुहारा हुदै माथि सीमासम्म खा.पा. मर्मत | वडा नं. ८ | २९८००० | |
| १३. | कालिका प्रा.वि. गर्छिना मर्मत योजना | वडा नं. ६ | ३५०००० | |
| १४. | बजुवरा मन्दिर निर्माण योजना | वडा नं. ६ | ३१६००० | |
| १५. | काँडादल्ली देखि सिर्पा भलखाली विद्युत विस्तार योजना | वडा नं. ७ | ७००००० | |
| १६. | नलाक्च देखि मैपोखरा घोरेटो बाटो निर्माण योजना | वडा नं. ११ | ४२०००० | |
| १७. | भीरबाटी देखि च्याटसम्म घोरेटो बाटो निर्माण योजना | वडा नं. ११ | ४००००० | |
| १८. | बागमारे खोला ल.ज.वि. विद्युत कुलो मर्मत र लाईन सुधार योजना | वडा नं. ४ | ६२५००० | |
| १९. | मालभुवा सिचाई निर्माण योजना | वडा नं. १२ | ४००००० | |
| २०. | स्वास्थ्य देखि पुदालापानीसम्म बाटो निर्माण | वडा नं. १२ | २६०००० | |
| २१. | कैनपानीबाट खालिगैरासम्म सिचाई योजना | वडा नं. ७ | ५००००० | |
| २२. | पल्लोवगर खानेपानी मर्मत योजना | वडा नं. ७ | २१६००० | |
| २३. | वैरीताल अनापानी कल्पत पाली सडक निर्माण | वडा नं. १ | १२०३००० | |
| २४. | व्याउली पोल्ने छहरा मुहान भई हिउदेगोट खानेपानी योजना | वडा नं. १ | ३५०००० | |
| २५. | टाँसहाल्ने देखि धाचौरसम्म घोरेटो निर्माण योजना | वडा नं. १३ | ६५०००० | |
| २६. | जनसेवा प्रा.वि. रुप घेरावार निर्माण योजना | वडा नं. १३ | ७००००० | |
| २७. | औजार उपकरण खरिद योजना | नगरपालिका | १३५००० | |
| २८. | कन्टिजेन्सी रकम रु. | नगरपालिका | १४७००० | |
| | **जम्मा रकम रु.** | | **१,३१,००,०००** | |

निर्णय नं. २ : नलगाड नगरपालिका वडा नं. ७ को दल्लीमा निर्माणाधिन नलगाड नगर कार्यपालिका कार्यालयको प्रशासकीय भवनको भुईतल्लाको निर्माण कार्य आ.व.२०७५।७६ प्रारम्भ भई प्राविधिक ईस्टिमेटमा तोकिएको कार्य आर्थिक वर्ष २०७६।७७ मा सम्पन्न भएको र केही निर्माणको कार्यहरु बाँकी रहेको हुदाँ आर्थिक वर्ष २०७७।७८ मा प्राविधिक डिजाईन बमोजिम तोकिएको कार्य गर्नको लागि उपभोक्ता समिति गठन भई सम्झौता गरिएकोमा उक्त उपभोक्ता समितिले प्राविधिक ईस्टिमेटमा तोकिएको कार्यसम्पन्न गरिसकेकोले नगर कार्यपालिकाको कार्यालयबाट कर सहित रु. २३,७४,२९२।० अक्षरुपी तेईस लाख चौहत्तर हजार दुईसय बयानव्वे मात्र आ.व.२०७७।७८ मा विनियोजित नगर कार्यालयको भवन निर्माण योजनाबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ३ : नलगाड नगरपालिकामा खरिद गरिएको एम्बुलेन्स सेवालाई व्यवस्थित, प्रभावकारी, सहज बनाउन नलगाड नगरपालिकाको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७ स्वीकृत गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

टेक बहादुर रावल
नगर प्रमुख

**निर्णय नं. ४** : नलगाड नगर कार्यपालिकाको कार्यालयबाट आर्थिक वर्ष २०७६।७७ मा नलगाड नगरपालिकाको लागि १ थान एम्बुलेन्स खरिदको कार्य सुरु भएकोमा कोभिड-१९ को कारण मुलुक लकडाउनमा हुदाँ उक्त एम्बुलेन्स आयातमा केही ढिलाई भएको हुदाँ आर्थिक वर्ष २०७७।७८ मा विनियोजित समपुरक बजेटबाट भुक्तानी गनुपर्ने बाँकी रकम रु. ५,२१,७८७।० अक्षरुपी पाँचलाख एक्काईस हजार सातसय सत्तासी मात्र नलगाड नगरपालिकामा कार्यरत श्री झलक घर्तिको नाममा भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५:** नलगाड नगरपालिकामा वडा नं. ७ मा स्थायी निबासी श्री धन बहादुर पुन र सोही वडा निवासी तिर्थु गिरीलाई आकष्मिक कोषबाट आर्थिक सहायता वापत रु. ८,०००।० अक्षरुपी आठ हजारको दरले भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६:** संघीय सरकारबाट सशर्त अनुदान वापत आ.व. २०७६।७७ मा यस नगरपालिकामा सुरक्षित मातृत्व कार्यक्रमको लागि विनियोजित रकम अपुग भएको हुदाँ उक्त अपुग हुने रकम आ.व. २०७७।७८ मा सोही शीर्षकमा विनियोजन गरिएको शसर्त अनुदान रकमबाट खर्च गरी आ.व.२०७७।७८ मा अपुग हुने रकम स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य सेवा विभागमा मागको लागि लेखी पठाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७:** नलगाड नगरपालिका अर्न्तगतका वडा कार्यालयहरु (वडा नं. ५ र वडा नं. १२) र पशुसेवा केन्द्र चौखामा १ जना समेत ३ जना कार्यालय सहयोगीको पद रिक्त रहेकोले उक्त पदहरुमा करार सेवामा नियुक्तिको लागि विज्ञापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ८:** नलगाड नगरपालिकामा कार्यरत कार्यालय सहयोगी श्री अशोक ध्यारलाई एम्बुलेन्स चालकमा नियुक्त गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ९** : नलगाड नगरपालिका वडा नं. ३ को फुलचावली लिफ्ट सिचाई योजना निर्माणको लागि आवश्यक बजेट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १०:** मूख्यमन्त्री रोजगार कार्यक्रमबाट आ.व. २०७७।७८ मा कार्यान्वयन हुने गरि नलगाड नगरपालिका वडा नं. १३ को भगवती आधारभूत विद्यालयको भवन निर्माण योजना हुनुपर्नेमा लक्ष्मी प्रा.वि. सिउन घेरावार निर्माण योजनामा सिफारिस भएकोमा उक्त योजना संसोधनको लागि सम्वन्धित निकायहरुमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

टिक बहादुर रावल
नगर प्रमुख

**निर्णय नं. ११:** नलगाड नगर कार्यपालिका कार्यालय अर्न्तगत १५ शैयाको प्राथमिक अस्पताल निर्माण तथा सञ्चालन गर्नुपर्ने भएको र यस नगर कार्यपालिका कार्यालयको स्वामित्वमा स्वास्थ्य भवन पूर्वाधारको डिजाईन तथा निर्माण सम्वन्धी निर्देशिकामा तोकिए बमोजिम न्युनतम ९ रोपनी क्षेत्रफल जग्गा नभएको हुदाँ उक्त निर्देशिकामा तोकिएको मापदण्ड बमोजिम १५ शैयाको प्राथमिक अस्पताल निर्माण तथा सञ्चालनको लागि न्युनतम ९ रोपनी जग्गा आवश्यक पर्ने भएकोले श्री त्रिभुवन माद्यामिक विद्यालय नलगाड नगरपालिका वडा नं. ७ दल्लीको स्वामित्वमा रहेको जग्गाबाट न्युनतम ९ रोपनी क्षेत्रफलको जग्गा प्राथमिक अस्पतालको नाममा नामसारी हुनेगरी उपलब्ध गराई दिन अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

नि.प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल
नगर प्रमुख